# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, जेठ २६ गते, २०८३ साल (अतिरिक्ताङ्क १८

## भाग २

कोशी प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## विराटनगर, नेपालको सूचना

# कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

कोशी प्रदेशका स्थानीय तह बिच आपसी समझदारी र सहमतिका आधारमा एकीकृत रुपले विपद व्यवस्थापन कार्य गर्ने गरी आपतकालीन सेवा केन्द्र सञ्चालन र व्यवस्थापन गर्नका लागि,

प्रदेश विपद व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"सेवा केन्द्र"** भन्नाले दफा ३ बमोजिम स्थापना हुने आपतकालीन सेवा केन्द्र सम्झनु पर्छ।

(ख) **"कोष"** भन्नाले दफा १३ बमोजिमको आपतकालीन सेवा सञ्चालन कोषलाई सम्झनु पर्छ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सेवा केन्द्र सञ्चालनका लागि सहकार्य गर्न सहमत भएका स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(घ) **"प्रहरी कार्यालय"** भन्नाले आपतकालीन सेवा सञ्चालन गर्ने केन्द्र रहेको स्थानीय तहभित्रको प्रहरी कार्यालयलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ङ) **“बोर्ड”** भन्नाले दफा ८ बमोजिमको आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) बोर्डलाई सम्झनु पर्छ।

(च) **“मन्त्रालय”** भन्नाले कोशी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) **“सम्बन्धित स्थानीय तह”** भन्नाले दफा ३ को उपदफा (२) बमोजिम आपतकालीन सेवा केन्द्र निर्माण, व्यवस्थापन र सञ्चालन गर्न सहमत भएका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ।

(ज) **“सहकार्य”** भन्नाले प्रदेश सरकार र सम्बन्धित स्थानीय तह बीचको साझेदारीलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कोशी प्रदेश आपतकालीन सेवा केन्द्र सम्बन्धमा

३. **आपतकालीन सेवा केन्द्रको स्थापना, व्यवस्थापन तथा सञ्चालनः** (१) प्रदेश सरकारले विपद प्रतिकार्यको लागि दुई वा दुईभन्दा बढी स्थानीय तहको सहकार्य तथा समन्वयमा आपतकालीन सेवा केन्द्र स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सेवा केन्द्र निर्माण, व्यवस्थापन र सञ्चालनका लागि स्थानीय तहले जग्गाको प्रबन्ध गरी लागत साझेदारी गर्ने प्रतिबद्धता सहित आपसमा सहमति गरी मन्त्रालय समक्ष प्रस्ताव पेस गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि मन्त्रालयले स्थानीय तहको जनसङ्ख्या, स्रोत साधन, जोखिमको अवस्था विश्लेषण गरी प्रारम्भिक सम्भाव्यता अध्ययन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको अध्ययनका आधारमा आवश्यकता र औचित्य समेतलाई दृष्टिगत गरी मन्त्रालयले प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउनेछ। त्यस्तो सहयोग उपलब्ध गराउँदा मन्त्रालयले सम्बन्धित स्थानीय तहबीच भएको सेवा केन्द्र व्यवस्थापन सम्बन्धी सहमति, जग्गाको आकार, भौगोलिक अवस्थिति, सेवाको पहुँच, स्थानीय तहको आपतकालीन सेवा प्रवाहको विद्यमान क्षमता समेतको आधार लिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउँदा मन्त्रालय र सम्बन्धित स्थानीय तहबिच सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि लागत साझेदारी हुने गरी अनुसूची-१ बमोजिमको समझदारी तथा सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम हुने लागत साझेदारी सम्बन्धमा सेवा केन्द्रको संरचना निर्माणको हकमा मन्त्रालयले जग्गा बाहेक खुद लागत रकमको तराई क्षेत्रमा सत्तरी प्रतिशत र पहाडी क्षेत्रमा असी प्रतिशतसम्मको रकम योगदान गर्नेछ र बाँकी रकम सम्बन्धित स्थानीय तहले योगदान गर्नु पर्नेछ।

तर सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन खर्चका सम्बन्धमा आपतकालीन सेवा सञ्चालन कोषमा व्यवस्था भए बमोजिम हुनेछ।

(७) यस कार्यविधि बमोजिम सेवा केन्द्रको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालय तथा स्थानीय तहको तर्फबाट गरिने लागत साझेदारीको रकम दफा १३ बमोजिमको कोषमा जम्मा गरी खर्च गर्नु पर्नेछ।

तर दफा १३ बमोजिमको कोष स्थापना नभएसम्म यस उपदफा बमोजिम सेवा केन्द्रको संरचना निर्माणको हकमा त्यस्तो सेवा केन्द्र रहने स्थानीय तहको विपद् सम्बन्धी कोषबाट परिचालन हुने गरी अनुदानको रुपमा वित्तीय हस्तान्तरण गर्न बाधा पर्ने छैन।

(८) सञ्चालनमा रहेका सेवा केन्द्रमा सम्बन्धित स्थानीय तह बाहिरका स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा सेवा केन्द्रबाट उपलब्ध हुने सेवा उपलब्ध गराउन अनुरोध गरेमा बोर्डले त्यस्ता स्थानीय तहसँग समझदारी गरी लागत सहभागीता वा सेवा शुल्क व्यहोर्ने गरी सेवा उपलब्ध गराउन सक्नेछ।

(९) यस कार्यविधि लागु हुनुपूर्व मुख्यमन्त्री अत्यावश्यक सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ बमोजिम सेवा केन्द्रको निर्माणका लागि मन्त्रालय तथा स्थानीय तहको तर्फबाट गरिने लागत साझेदारी रकम एवं सम्झौताका सर्तहरु उपदफा (६) बमोजिमको व्यवस्था अनुसार मन्त्रालयले परिमार्जन वा संशोधन गर्न सक्नेछ।

४. <u>सेवा केन्द्रबाट प्रवाह हुने विपद् सम्बन्धी सेवा र संरचना सम्बन्धमा:</u> (१) भौगोलिक क्षेत्र जोडिएका र विपद् व्यवस्थापनका लागि सहकार्य गर्न सहमत भएका स्थानीय तहमा उत्पन्न भएका वा हुनसक्ने प्राकृतिक वा मानवजन्य प्रकोप विरुद्ध



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

गरिने प्रतिकार्य सम्बन्धी व्यवस्थापनमा आपतकालिन सेवा प्रवाहका लागि सेवा केन्द्र परिचालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको विपद्का कारण उत्पन्न परिस्थितिमा तत्काल गरिने प्रतिकार्य र उद्धारका लागि सेवा केन्द्रबाट आगलागी नियन्त्रण, एम्बुलेन्स तथा शव बाहन सेवा लगायतका आपतकालीन सेवा उपलब्ध हुनेछ।

(३) आपतकालीन सेवा सञ्चालनका लागि देहायका न्यूनतम उपकरण रहन सक्ने गरी सेवा केन्द्रको भौतिक संरचना निर्माण गरिनेछः-

(क) अधिकतम चारवटा वारुणयन्त्र तथा चारवटा साना सवारी साधन राख्न सकिने सेड र सवारी साधनको सामान्य मर्मत कक्ष,

(ख) प्रशासनिक कक्ष, बैठक कक्ष तथा कन्ट्रोल रुम र कर्मचारी आवास सहितको सुरक्षित भवन,

(ग) वारुणयन्त्रमा पानी भर्न कम्तीमा बीस हजार लिटर क्षमताको एक जलासय (रिजर्भबोएर),

(घ) विपद व्यवस्थापनका सामग्री तथा उपकरण भण्डारण गर्ने गोदाम घर र गार्ड रुम।

(४) सेवा केन्द्र सञ्चालन सुरु भएपछि थप संरचना आवश्यक पर्ने भए बोर्डले निर्णय गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

५. <u>सेवा केन्द्र सञ्चालन, उपकरण एवं सामग्री सम्बन्धमाः</u> (१) आपतकालीन सेवा सञ्चालन सम्बन्धी कार्यका लागि सेवा केन्द्रमा रहने औजार, उपकरण, सवारी साधन र अन्य भौतिक सामग्री अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्रमा रहने वारुणयन्त्र, सवारी साधन, विपद् प्रतिकार्य सामग्री लगायतका औजार उपकरणको व्यवस्थापन देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले उपलब्ध गराएका वारुणयन्त्र, सवारी साधन, विपद् प्रतिकार्य सम्बन्धी सामग्री लगायतका औजार उपकरण,

(ख) सेवा केन्द्र सञ्चालनमा सहमत गर्ने स्थानीय तहले उपलब्ध गराएका वारुणयन्त्र, सवारी साधन, विपद् प्रतिकार्य सामग्री लगायतका औजार उपकरण,

(ग) बोर्डको निर्णयानुसार खरिद भएका विपद् प्रतिकार्य सामग्री लगायतका सवारी साधन, औजार तथा उपकरण,

(घ) अन्य स्रोतबाट प्राप्त भएका वारुणयन्त्र, सवारी साधन, विपद् प्रतिकार्य सामग्री लगायतका औजार उपकरण।

(३) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम व्यवस्थापन हुने अनुसूची-२ बमोजिमको सामग्रीको परिमाण र त्यस्तो सामग्री सञ्चालनका लागि अनुसूची-३ बमोजिम सेवा केन्द्रमा रहने न्यूनतम जनशक्तिको व्यवस्थापन मन्त्रालय र सम्बन्धित स्थानीय तह बिचको सहमति अनुसार निर्धारण हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

(४) उपदफा (३) बमोजिम सहमति भए पश्चात सम्बन्धित स्थानीय तहले आफूसँग भएको सवारी साधनमध्ये वारुणयन्त्र, शव बाहन र एम्बुलेन्स सेवा केन्द्रमा रहने गरी हस्तान्तरण गर्नु पर्नेछ।

तर यो कार्यविधि लागु हुनु पूर्व सम्बन्धित स्थानीय तहले आफूसँग भएका वारुणयन्त्र, शव बाहन र एम्बुलेन्स साविक बमोजिम सञ्चालन गर्न चाहेमा बोर्डको निर्णय बमोजिम सेवा केन्द्रबाट परिचालन हुने गरी उपकेन्द्रको रुपमा रहन सक्नेछ।

(५) सेवा केन्द्रमा रहेका र सेवा केन्द्र मार्फत् परिचालन हुने वारुणयन्त्र, सवारी साधन, विपद् प्रतिकार्य सामग्री लगायतका औजार उपकरण आपतकालीन सेवा बाहेकका अन्य कार्यमा प्रयोग गर्न पाईने छैन।

तर विपद् व्यवस्थापनमा असर नपर्ने गरी शव बाहन तथा एम्बुलेन्सको सेवा बोर्डको निर्णय अनुसार न्यूनतम शुल्क लिई सञ्चालन गर्न बाधा पर्ने छैन।

(६) यस कार्यविधि बमोजिम सेवा केन्द्रमा रहने वारुणयन्त्र, सवारी साधन, विपद् प्रतिकार्य सामग्री लगायतका औजार उपकरणको मर्मत संभार गरी चुस्त र दुरुस्त राख्ने जिम्मेवारी सेवा केन्द्रको हुनेछ।

## परिच्छेद-३

## आपतकालीन सेवा केन्द्र सम्बन्धी संस्थागत व्यवस्था

६. **आपतकालीन सेवा समन्वय समिति सम्बन्धी व्यवस्थाः** (१) सेवा केन्द्रको सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा आवश्यक समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको आपतकालीन सेवा समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - संयोजक |
| (ख) | प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| (ग) | नेपाली सेनाको पूर्वी पृतना मुख्यालयका प्रमुख | - सदस्य |
| (घ) | प्रदेश सचिव, स्वास्थ्य मन्त्रालय | - सदस्य |
| (ङ) | प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय | - सदस्य |
| (च) | सशस्त्र प्रहरी बल नेपाल प्रदेश प्रमुख | - सदस्य |
| (छ) | नेपाल नगरपालिका संघका प्रदेश अध्यक्ष | - सदस्य |
| (ज) | गाउँपालिका राष्ट्रिय महासंघका प्रदेश अध्यक्ष | - सदस्य |
| (झ) | प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य सचिव |

आन्तरिक मा

(२) उपदफा (१) बमोजिमको आपतकालीन सेवा समन्वय समितिमा अन्य सरकारी निकायका प्रतिनिधि, विषय विज्ञ, बैंकर्स संघका प्रदेश स्तरीय अध्यक्ष, उद्योग वाणिज्यसँग सम्बन्धित प्रदेश स्तरीय प्रमुख लगायतलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको आपतकालीन सेवा समन्वय समितिको बैठक तिन महिनामा एक पटक बस्नु पर्नेछ र आवश्यकता अनुसार संयोजकको निर्देशनमा जुनसुकै समयमा सदस्य सचिवले बैठक राख्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको आपतकालीन सेवा समन्वय समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था समिति आफैंले तोक्न सक्नेछ।

७. <u>आपतकालीन सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकारः</u> आपतकालीन सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा केन्द्र सञ्चालनका लागि आवश्यक नीति र मापदण्ड स्वीकृत गर्ने,

(ख) सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनको अनुगमन, मूल्याङ्कन तथा सेवा प्रवाहको प्रभावकारिता र गुणस्तर कायम गर्न बोर्डलाई आवश्यक सुझाव, सल्लाह र निर्देशन दिने,

(ग) सेवा केन्द्र सञ्चालनको अवधारणा, प्रकृया, गुणस्तर, नीति, निर्देशन अनुसार सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वयको व्यवस्था गर्ने,

(घ) सेवा केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन प्रगति समिक्षा लगायतका अन्य आवश्यक कार्यहरु गर्ने।

८. <u>आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) बोर्डः</u> (१) प्रत्येक सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन, रेखदेख,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

समन्वय, सहजीकरण र अनुगमन गर्नका लागि देहाय बमोजिमको आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) बोर्ड रहनेछः-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित स्थानीय तहका नगर प्रमुख वा अध्यक्ष मध्येबाट एक जना | - अध्यक्ष |
| (ख) | सम्बन्धित स्थानीय तहका बाँकी नगर प्रमुख वा अध्यक्ष | - सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्ष | - सदस्य |
| (घ) | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ङ) | सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (च) | सेवा केन्द्रको कार्यक्षेत्रमा रहेको प्रहरी अधिकृत | - सदस्य |
| (छ) | सशस्त्र प्रहरी गण वा गुल्मको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ज) | स्थानीय तहको उद्योग बाणिज्य संघको प्रतिनिधि | - सदस्य |
| (झ) | नेपाल रेडक्रस सोसाईटीको स्थानीय कार्यालयको प्रतिनिधि | - सदस्य |
| (ञ) | केन्द्र प्रमुख | - सदस्य सचिव |

आन्तरिक

(२) उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि बोर्डको अध्यक्षता प्रत्येक आर्थिक वर्षका लागि चक्रीय प्रणालीमा स्थानीय तहको वार्णानुक्रमका आधारमा हुनेछ।

(३) बोर्डको बैठक कम्तीमा प्रत्येक त्रैमासिकमा एकपटक बस्नेछ र साथै बोर्ड बैठकको निर्णय र कार्य प्रगति जिल्ला विपद् व्यवस्थापन समिति र आपतकालीन सेवा समन्वय समितिमा पठाउनु पर्नेछ।

(४) अध्यक्षको अनुपस्थितिमा सम्बन्धित स्थानीय तहका बैठकमा उपस्थित नगर प्रमुख वा अध्यक्ष मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) बोर्डले आवश्यक ठानेमा विषय विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(६) बोर्डले बैठक सम्बन्धी अन्य कार्यविधि आफैं व्यबस्थित गर्न सक्नेछ।

९. <u>बोर्डको काम, कर्तव्य र अधिकारः</u> (१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् सम्बन्धी आपतकालीन सेवा सञ्चालन तथा व्यवस्थापन कार्य सम्बन्धी नीति निर्माण गरी आपतकालीन सेवा समन्वय समिति समक्ष पेस गर्ने,

(ख) विपद् सम्बन्धी आपतकालीन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यलाई भरपर्दो र प्रभावकारी बनाउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) सेवा केन्द्रमा भौतिक साधन र उपकरणहरुको, खरिद, व्यवस्थापन, सञ्चालन र संरक्षणको व्यवस्था मिलाउने,

(घ) सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) सेवा केन्द्र सञ्चालनका लागि कोषको प्रवर्द्धन र परिचालन सम्बन्धी कार्य गर्ने,

(च) सेवा केन्द्रमा कर्मचारी व्यवस्थापन तथा परिचालन सम्बन्धी प्रकृया निर्धारण गर्ने,

(छ) संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य सरोकारवालासँग समन्वय र सहकार्य सम्बन्धी कार्य गर्ने,

(ज) चौमासिक र वार्षिक प्रगति समीक्षा गर्ने,

(झ) सेवा केन्द्रमा आपतकालीन सेवा व्यवस्थापन सम्बन्धी कार्यका साथै अन्य आयमूलक कार्य गर्ने सम्बन्धमा आवश्यक प्रवन्ध गर्ने,

(ञ) सेवा केन्द्रमा परिचालित कर्मचारीका लागि वृत्ति विकास, उत्प्रेरणा र क्षमता अभिबृद्धिका लागि आवश्यक व्यवस्था गर्ने,

(ट) सम्बन्धित स्थानीय तहका बीच प्रभावकारी समन्वय र सहकार्यका लागि आवश्यक प्रवन्ध गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ठ) वारुणयन्त्र, एम्बुलेन्स र शव बाहन सेवाका साथै विपद् व्यवस्थापनका अन्य क्षेत्रहरुमा सेवा उपलब्ध गराउने,

(ड) आपतकालीन सेवा व्यवस्थापन सम्बन्धी सवारी साधन तथा औजार र उपकरणहरुको नियमित मर्मत संभार र नमूना अभ्यास गराउने व्यवस्था मिलाउने,

(ढ) आपतकालीन कार्यमा स्थानीय युवा स्वयंसेवक छनौट गरी तालिम कार्यक्रम सञ्चालन गरी आपतकालीन सेवाका लागि थप जनशक्ति विकास गर्ने,

(ण) सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य गर्ने,

(त) सेवा केन्द्रको व्यवस्थापन सम्बन्धी कार्ययोजना स्वीकृत गर्ने,

(थ) विपद् तथा आपतकालीन सेवा व्यवस्थापनमा स्थानीय जनता र नागरिक समाजको सहभागीता र सहकार्यको प्रबन्ध गर्ने,

(द) आपतकालीन सेवा समन्वय समितिले दिएका सुझाव र निर्देशनहरू कार्यान्वयन गर्ने गराउने,

(ध) आपतकालीन सेवा समन्वय समितिको निर्देशन कार्यान्वयन गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(न) सेवा केन्द्रको सुसञ्चालन र प्रवर्धनका लागि अन्य आवश्यक कार्य गर्ने।

(२) तत्काल विपद्जन्य आपतकालीन अवस्था उत्पन्न भई बोर्डको बैठक बस्न सम्भव नभएको अवस्थामा विपद् रोकथाम, उद्धार, राहत र प्रतिकार्य सम्बन्धी कार्यका लागि बोर्डका अध्यक्षले केन्द्र प्रमुख मार्फत् तत्काल जनधनको क्षति रोक्ने कार्य गर्न सक्नेछ र सो कार्य सम्बन्धी प्रस्ताव त्यसपछि बस्ने बोर्ड बैठकमा अनुमोदनका लागि पेस गर्नुपर्ने छ।

## परिच्छेद-४

## कर्मचारी सम्बन्धी व्यवस्था

१०. **सेवा केन्द्रमा रहने कर्मचारीः** (१) प्रत्येक सेवा केन्द्रमा दफा ५ को उपदफा (३) बमोजिम भएको सहमति अनुसार निर्धारित सङ्ख्यामा केन्द्र प्रमुख, नगरप्रहरी र कर्मचारी रहने छन्। त्यस्तो कर्मचारीको सङ्ख्या थपघट वा परिमार्जन गर्नुपर्दा मन्त्रालयले सेवा केन्द्रमा आवद्ध स्थानीय तहको सङ्ख्या, भूगोल तथा जनसङ्ख्याका आधारमा निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्रमा रहने नगरप्रहरी र कर्मचारी सम्बन्धित स्थानीय तहले खटाउनु पर्नेछ।

(३) सेवा केन्द्रको केन्द्र प्रमुख मन्त्रालयले प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा चार वर्षका लागि करारमा नियुक्ति गर्नेछ।

(४) उपदफा (३) बमोजिम नियुक्त केन्द्र प्रमुखको पारिश्रमिक प्रदेश निजामती सेवाको अधिकृत आठौं तहको सुरुस्केल बराबर हुने र अन्य सेवा सुविधा करार सम्झौता बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(५) केन्द्र प्रमुखको योग्यता नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहमा कम्तीमा अधिकृत स्तर छैटौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेको, विपद्को क्षेत्रमा कार्य गरेको र पैंतिस वर्ष पूरा भई साठी वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

(६) सेवा केन्द्र रहेको स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको रेखदेख र निर्देशनमा रही केन्द्र प्रमुखले कामकाज गर्नेछ। सेवा केन्द्रका अन्य कर्मचारीले केन्द्र प्रमुखको मातहतमा रही दैनिक कार्य सम्पादन गर्नु पर्नेछ।

(७) आकस्मिक सेवा प्रवाह गर्नुपर्ने वारुणयन्त्र, एम्बुलेन्स र शव बाहन सञ्चालनका लागि नगरप्रहरी र सवारी चालकलाई आलोपालो प्रणालीमा सम्बन्धित सेवा केन्द्रले चौबिसै घण्टा परिचालन गर्ने व्यवस्था मिलाउनेछ। विपद्को घटना घटेको जानकारी प्राप्त हुनासाथ स्थानीय प्रहरीको समन्वयमा छोटो रुट प्रयोग गरी घटनास्थलमा पुग्ने व्यवस्था गर्नु पर्नेछ।

(८) सेवा केन्द्रमा रहेका कर्मचारीलाई अनुशासनको कारबाही गर्नु परेमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नियुक्ति गर्ने अधिकारीले गर्नेछ।

(९) सेवा केन्द्रमा रहने नगरप्रहरीलाई वारुणयन्त्र सञ्चालन (आगलागी नियन्त्रण) लगायत अन्य विपद् नियन्त्रण र रोकथाम सम्बन्धी तालिम दिई परिचालन गरिनेछ र आवश्यक तालिम सम्बन्धी व्यवस्था सेवा केन्द्रले गर्नेछ।

११. <u>केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकारः</u> केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा केन्द्रको प्रशासकीय रेखदेख र नियन्त्रण सम्बन्धी प्रबन्ध गर्ने। बोर्डले

पारित गरेका नीति तथा निर्णयहरु कार्यान्वयन गर्ने गराउने।

(ख) सेवा केन्द्रको नीति तथा कार्यक्रम र बजेट तयार गरी बोर्डमा पेस गर्ने।

(ग) आपतकालीन सेवा सञ्चालनका लागि सम्बन्धित स्थानीय तहको सडक सञ्जाल, सुरक्षा निकायका चौकी, स्वास्थ्य संस्था, पानीका स्रोत लगायतको वस्तुस्थिति विवरण तयारी र व्यवस्थापन सम्बन्धी कार्ययोजना तयार गर्ने।

(घ) कार्ययोजना अनुसार सेवा र कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेस गर्ने।

(ङ) सेवा केन्द्रको आय व्ययको लेखा परीक्षण कार्य गर्ने गराउने र लेखा परीक्षण प्रतिवेदन बोर्डमा पेस गरी कार्यान्वयन गर्ने गराउने।

(च) बोर्डद्वारा पारित नीति तथा निर्णय बमोजिम सेवा केन्द्रका कर्मचारी तथा भौतिक सामग्रीहरु परिचालन गर्ने गराउने।

(छ) सेवा केन्द्रको कर्मचारी परिचालन, उत्प्रेरणा, दण्ड र पुरस्कार सम्बन्धी मापदण्ड र प्रकृया निर्धारण गरी स्वीकृतिका लागि बोर्डमा पेस गर्ने।

(ज) सेवा केन्द्रमा परिचालित जनशक्तिलाई विपद्को कार्यलाई बाधा नपुग्ने गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आयमूलक कार्यमा उपयोग गर्न कार्ययोजना बनाई पेस गर्ने।

(झ) आपतकालीन सेवा सञ्चालन र व्यवस्थापन गर्ने कार्यमा संघसंस्था र स्वयमसेवक परिचालन सम्बन्धी कार्ययोजना तयार गरी पेस गर्ने।

(ञ) सेवा केन्द्रमा उपलब्ध जनशक्ति तथा भौतिक समग्रीहरु चुस्त र दुरुस्त अवस्थामा राख्ने व्यवस्था मिलाउने। आपतकालीन सेवामा संलग्न जनशक्ति तथा सवारी साधनको दुर्घटना बिमाको व्यवस्था गर्ने।

(ट) सेवा केन्द्रका लागि खरिद गरिएका वा वस्तुगत सहायताको रुपमा प्राप्त भएका औजार, उपकरण, सवारी साधन लगायतका सबै सामग्रीहरु सेवा केन्द्रमा जिन्सी आम्दानी बाँध्ने र खर्चको अभिलेख राख्न लगाउने।

(ठ) सेवा केन्द्रको सुरक्षा, सरसफाई र सौन्दर्यीकरण सम्बन्धी कार्य गर्ने गराउने।

(ड) सेवा केन्द्रमा खटिने कर्मचारीहरूको वसोवास, रासन र पोसाकको आवश्यक व्यवस्थापन गर्ने गराउने।

(ढ) आवश्यकता अनुसार विपद संभावित र प्रभावित क्षेत्रमा स्थलगत रुपमा उपस्थित

भई प्रतिकार्य, उद्धार र राहत कार्यमा खटिने।

(ण) सेवा केन्द्रको विपद् सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने।

(त) सेवा केन्द्रमा आवश्यक विपद् सामग्रीको भण्डारण, व्यवस्थापन, संरक्षण र सदुपयोग गर्ने व्यवस्था मिलाउने।

(थ) बोर्डले जिम्मेवारी सुम्पिएका अन्य कार्य गर्ने।

१२. <u>कर्मचारीको पारिश्रमिक, सुविधा र प्रोत्साहन सम्बन्धी व्यवस्थाः</u> (१) सेवा केन्द्रमा खटिने नगरप्रहरी र अन्य कर्मचारीको पारिश्रमिक तथा सुविधा करारमा नियुक्ति हुँदा उल्लेख भएको सेवा सर्त बमोजिम हुनेछ र त्यस्तो कर्मचारीले पाउने रासन, तथा पोसाक अनुसूची-४ बमोजिम हुनेछ।

(२) सेवा केन्द्रमा खटिने नगरप्रहरी र कर्मचारीहरूको तलव कोषबाट भुक्तानी हुनेछ।

३) सेवा केन्द्रमा कार्यरत कर्मचारीले सार्वजनिक बिदामा समेत कामकाज गर्नु पर्नेछ र त्यसरी सार्वजनिक बिदामा काम गरे बापत दुई दिन बराबर एक दिन सट्टा विदा पाउनेछ।

(४) बिमा सुविधाको हकमा प्रत्येक कर्मचारीका लागि दश लाख रुपैयाँको दुर्घटना बिमा सुविधा उपलब्ध गराईनेछ।

(५) सेवा केन्द्रमा कार्यरत नगरप्रहरी र कर्मचारीलाई देहाय अनुसार प्रोत्साहन उपलब्ध गराईनेछः-

(क) सेवा केन्द्रमा कार्यरत कुनै नगरप्रहरी वा कर्मचारीले विपद् प्रतिकार्य सम्बन्धी काम

गर्दा जनधनको क्षति रोक्न कुशलता र साहसका साथ उत्कृष्ट कार्य सम्पादन गरेमा बोर्डले निर्णय गरी उचित सम्मान र पुरस्कार दिन सक्नेछ।

(ख) बोर्डले स्वीकृत गरेको कार्ययोजना अनुसार विपद्को अवस्थामा बाहेकको समयमा सेवा केन्द्रमा सञ्चालन हुने आयमूलक कार्यबाट भएको मुनाफाको साठी प्रतिशत रकम प्रोत्साहन स्वरुप सेवा केन्द्रका संलग्न नगरप्रहरी र कर्मचारीलाई दामासाहीले उपलब्ध गराईनेछ।

(ग) सेवा केन्द्रमा चाडपर्वको अवसरमा गर्नुपर्ने परम्परागत पूजाआजा गर्न बोर्डले निर्णय गरी आवश्यक खर्च दिन सक्नेछ।

## परिच्छेद-५

## वित्तीय व्यवस्थापन र आर्थिक कारोबार

१३. आपतकालीन सेवा सञ्चालन कोषः (१) सेवा केन्द्र सञ्चालन गर्न आवश्यक खर्च व्यवस्थापनका लागि एउटा छुट्टै आपतकालीन सेवा सञ्चालन कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय अनुसारको रकम जम्मा हुनेछः-

(क) प्रदेश सरकारबाट व्यहोर्नु पर्ने न्यूनतम रकम रु. पच्चिस लाख सञ्चालन खर्चको अनुदान रकम र जनशक्तिका लागि उपलब्ध गराउने रकम,

(ख) सम्बन्धित स्थानीय तहबाट व्यहोर्नु पर्ने बाँकी सञ्चालन खर्चको अनुदान रकम र स्थानीय तहबाट खटाइएको जनशक्तिका लागि उपलब्ध गराउने पचास प्रतिशत रकम,

(ग) दफा ३ को उपदफा (८) बमोजिमको रकम,

(घ) संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ङ) नेपाल सरकारको स्वीकृति लिएका साझेदार संस्थाबाट प्राप्त रकम,

(च) बैंक, वित्तीय संस्था वा नीजि क्षेत्रवाट प्राप्त हुने सहयोग रकम,

(छ) विभिन्न दाताहरुबाट प्राप्त हुने सहयोग रकम,

(ज) सेवा केन्द्रको स्वःआर्जन रकम।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम प्रदेश सरकारले व्यहोर्ने रकम मध्ये मन्त्रालयले उपलब्ध गराएका कर्मचारीको हकमा शतप्रतिशत रकम उपलब्ध गराउने छ। साथै स्थानीय तहबाट खटिएका कर्मचारीको हकमा पचास प्रतिशत रकम पहिलो तीन वर्षसम्म उपलब्ध गराउनेछ। यसरी व्यहोरिने रकम तीन वर्षपछि आपसी समझदारीमा क्रमशः आन्तरिकीकरण गरिदै लगिनेछ।

(४) उपदफा (२) को खण्ड (ख) बमोजिम कोषमा सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्ने जनशक्ति र सञ्चालन खर्चको रकम देहायको सूचकमा आधारित अङ्कभार बमोजिम निर्धारण गरिनेछः-

(क) जनसङ्ख्या -४५ प्रतिशत

(ख) क्षेत्रफल -३५ प्रतिशत

(ग) आन्तरिक आय - २० प्रतिशत

(५) उपदफा (४) बमोजिम रकम निर्धारण गर्ने प्रयोजनका लागि जनसङ्ख्याको हकमा पछिल्लो राष्ट्रिय जनगणनाको तथ्याङ्क, क्षेत्रफलको हकमा सम्बन्धित स्थानीय तहको आधिकारिक दस्तावेजमा भएको तथ्याङ्क र आन्तरिक आम्दानीको हकमा अघिल्लो आर्थिक वर्षको यथार्थ आम्दानीलाई आधार मानिनेछ।

१४. <u>कोषको परिचालन र लेखापरीक्षणः</u> (१) कोषको आर्थिक कारोबार केन्द्र प्रमुख र सेवा केन्द्र रहेको जिल्ला स्थित प्रदेश लेखा इकाई कार्यालय वा कार्यालयले तोकेको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) कोषको आर्थिक कारोबारको विवरण राख्ने, स्रेस्ता सुरक्षित राख्ने तथा फरफारक गर्ने जिम्मा तोकिएको लेखा हेर्ने कर्मचारीको हुनेछ।

(३) कोषको आन्तरिक लेखा परीक्षण सेवा केन्द्र रहेको जिल्ला स्थित प्रदेश लेखा इकाई कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(४) कोषको आर्थिक कारोबारको विवरण केन्द्र प्रमुखले बोर्डको बैठकमा जानकारी गराउनु पर्नेछ।

१५. <u>सेवा शुल्क सम्बन्धी व्यवस्थाः</u> (१) वारुणयन्त्रको सेवा उपलब्ध गराए बापत कुनै शुल्क लिईने छैन।

(२) एम्बुलेन्स, शव बाहन तथा अन्य सेवाको शुल्क बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(३) निःशुल्क सेवा उपलब्ध गराउनु पर्ने वर्ग, परिस्थिति र कारण बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम प्राप्त भएको सबै रकम कोषमा दाखिला गर्नु पर्नेछ।

१६. <u>समन्वय र सहकार्यः</u> (१) आपतकालीन सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन बोर्डले संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्रले प्रदेश सरकारसँग समन्वय गर्दा आपतकालीन सेवा समन्वय समिति मार्फत् र संघीय सरकारका मन्त्रालयहरूसँग समन्वय गर्दा प्रदेश सरकार मार्फत् गर्नु पर्नेछ।

तर जिल्ला स्तरीय विपद व्यवस्थापन समितिसँग सेवा केन्द्रले सिधै समन्वय र सहकार्य गर्न सक्ने छ।

१७. <u>सुरक्षा निकायको सहयोग र सहकार्यः</u> (१) आपतकालीन सेवा आवश्यक भएको अवस्थामा तथा आपतकालीन सेवा सम्बन्धी अन्य तयारी गर्ने कार्यमा प्रदेश सरकारले समन्वय गरी सेवा केन्द्रलाई नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट आवश्यक आपतकालीन सहयोग र सहकार्य हुने व्यवस्था मिलाउनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवा केन्द्रमा नगरप्रहरी र अन्य कर्मचारी नियुक्ति नभएको अवस्थामा वा सेवा केन्द्रको व्यवस्थापन सक्षम भई नसकेको अवस्थामा प्रदेश सरकारले नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल परिचालन गर्ने प्रवन्ध मिलाई सेवा केन्द्र सञ्चालन गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) अनुसार सेवा केन्द्र सञ्चालनका लागि नेपाल सरकारका सुरक्षा निकाय खटाईएको अवस्थामा सेवा केन्द्रको सञ्चालन र परिचालन प्रदेश सरकार, सम्बन्धित सुरक्षा निकाय र सम्बन्धित स्थानीय तहका बिच हुने समझदारी बमोजिम हुनेछ।

१८. <u>अनुगमन तथा निरीक्षणः</u> सेवा केन्द्र तथा सेवा केन्द्रबाट सम्पादन हुने कार्यको निरीक्षण तथा अनुगमन देहाय बमोजिम हुनेछः-

(क) <u>नियमित अनुगमनः</u> बोर्ड तथा आपतकालीन सेवा समन्वय समितिबाट नियमित र आकस्मिक रुपले निरीक्षण तथा अनुगमन हुन सक्नेछ।

(ख) <u>प्रदेश सरकारबाट हुने अनुगमनः</u> कार्यविधिको दफा ६ बमोजिम गठित आपतकालीन सेवा समन्वय समितिले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(ग) <u>संघीय सरकारबाट हुने अनुगमनः</u> जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिबाट आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण हुन सक्नेछ।

१९. <u>प्रतिवेदन प्रणाली र सूचना संप्रेषणः</u> (१) सेवा केन्द्रबाट सम्पादित कामको प्रगति प्रतिवेदन तयार गरी गराई प्रत्येक महिना केन्द्र प्रमुखले सम्बन्धित स्थानीय तह, प्रदेश सरकार र जिल्ला विपद व्यवस्थापन समितिमा पठाउनु पर्नेछ। साथै त्यस्तो प्रतिवेदन सेवा केन्द्रको वेवसाईट मार्फत् सार्वजनिक गर्नु पर्नेछ।

तर विशेष वा आपतकालीन अवस्था आई परेमा विद्युतीय माध्यमद्वारा दैनिक रुपमा अद्यावधिक सूचना पठाउनु पर्नेछ।

(२) सेवा केन्द्रको काबु बाहिर रहेको वा काबु बाहिर हुने सम्भावना देखा परेको विशेष तथा आपतकालीन वा विपद् सम्बन्धी सूचना फोकल डेक्स वा अन्य भरपर्दो माध्यमबाट प्राप्त भएमा केन्द्र प्रमुखले बोर्डका अध्यक्ष तथा मन्त्रालय र जिल्ला विपद् व्यवस्थापन समितिलाई छिटो माध्यमद्वारा जानकारी गराउनु पर्नेछ।

(३) आगलागी, वर्षा, बाढी पहिरो, महामारी लगायतका विपद् सम्बन्धी सूचना र जानकारी समयमै प्राप्त गरी स्थानीय नागरिकको जानकारीको लागि सेवा केन्द्रले सूचना र सन्देश प्रचार प्रसार गर्नु पर्नेछ।

## परिच्छेद-९
## विविध

२०. <u>आयमूलक कार्य गर्न सकिने:</u> (१) बोर्डले आपतकालीन सेवा सम्बन्धी कार्यमा तत्काल परिचालन गर्न कुनै पनि बाधा नपर्ने गरी सेवा केन्द्रमा रहेको जनशक्तिलाई आयमूलक कार्यमा लगाउने गरी नीति तथा कार्यक्रम निर्माण गर्न सक्नेछ।

(२) सेवा केन्द्रमा रहेको जनशक्तिलाई आपतकालीन सेवा सम्बन्धी काममा परिचालन गर्नुपर्ने अवस्थामा तत्काल परिचालन हुनसक्ने प्रबन्ध गरेर मात्र उपदफा (१) बमोजिमको कार्यमा लगाउन सकिनेछ।

(३) उपदफा (१) बमोजिमको आयमूलक कार्यबाट भएको मुनाफाको साठी प्रतिशत रकम सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुलाई वार्षिक रुपमा दामासाहीले हिसाव गरी प्रोत्साहन

स्वरुप उपलब्ध गराई बाँकी चालिस प्रतिशत रकम सेवा केन्द्रको आम्दानीको रुपमा कोषमा आम्दानी बाँध्नु पर्नेछ।

तर आकस्मिक सेवा सम्बन्धी सेवा प्रवाहबाट सङ्कलन भएको रकम प्रोत्साहन स्वरुप बाँडफाँट गर्न सकिने छैन।

(४) उपदफा (३) को प्रयोजनका लागि आय आर्जनको काममा भएको खर्च कट्टा गरी बाँकी रकम मात्र दामासाहीले हिसाव गर्नु पर्नेछ।

२१. **बैठक भत्ता:** आपतकालीन सेवा समन्वय समिति र बोर्डको बैठक भत्ता प्रचलित कानून बमोजिम हुनेछ।

२२. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधि बमोजिम कुनै काम गर्दा बाधा अड्काउ परेमा प्रदेश सरकारले बाधा अडकाउ फुकाउन सक्नेछ।

२३. **कार्यविधिको कार्यान्वयन:** सम्बन्धित स्थानीय तहहरुले यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशित भएपछि कार्यपालिका बैठकमा जानकारी गराई कार्यान्वयन गर्नु पर्नेछ। त्यसपछि बस्ने सम्बन्धित स्थानीय तहको सभालाई समेत कार्यविधि कार्यान्वयनको अवस्था बारे जानकारी गराउनु पर्नेछ।

२४. **प्रदेश सरकारको विशेषाधिकार:** सेवा केन्द्र व्यवस्थापन र परिचालनको अवधारणा, मापदण्ड, विधि र प्रकृया बमोजिम सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रुपले हुन सकेको नपाइएमा प्रदेश सरकारले यस सम्बन्धमा आवश्यक छानबिन गराउन सक्नेछ र त्यस्तो छानबिनको प्रतिवेदनमा सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक देखेमा प्रदेश सरकारले निश्चित समयसम्मका

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

लागि सुरक्षा निकाय मार्फत् वा प्रदेश सरकारले निर्धारण गरेको प्रक्रिया बमोजिम सञ्चालन गर्न सक्नेछ।

२५. <u>खारेजी र बचाउः</u> (१) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-१

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

**सहमति तथा सम्झौता पत्र**

**(क) कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय (यसपछि मन्त्रालय भनिने) र ................ जिल्लाका स्थानीय तहहरू ........................................................................ ..................................................................................( यसपछि स्थानीय तह भनिने) का बिच कोशी आपतकालीन सेवा केन्द्र सञ्चालन गर्ने सम्बन्धी सहमति पत्र**

नेपालको संविधानले विपद व्यवस्थापन कार्यलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह समेत तीनै तहको संयुक्त जिम्मेवारीमा समावेश गरेकोले अन्तरसरकार समन्वय सुदृढ हुने गरी कोशी प्रदेश सरकारको समन्वयमा ................ जिल्लाका ............ ...... ...... ......... ......... ...... ... ... ............ ............ .......... बिच विपद प्रतिकार्य सम्बन्धी आपतकालीन सेवालाई प्रभावकारी र समन्वयात्मक रूपमा सञ्चालन गर्न तथा विपद रोकथाम तथा प्रतिकार्य सम्बन्धी कार्यलाई सरल, सहज र एकीकृत रूपमा सञ्चालन र व्यवस्थापन गर्नका लागि सहमत भई यो सहमती पत्रमा हस्ताक्षर गरिएको छ।

१. <u>उद्देश्यः</u> यो सम्झौताको उद्देश्य ..................जिल्लाका स्थानीय तहहरू ............ ...... ...... ... ...... ...... .................................. ................................ बीच एकीकृत रूपमा आकस्मिक सेवा केन्द्र स्थापना गरी पहिलो चरणमा वारुणयन्त्र, एम्बुलेन्स र शव वाहन सेवा सञ्चालन गर्दै विपद व्यवस्थापनका अन्य क्षेत्रमा समेत क्रमशः सेवा विस्तार गर्ने गरी समयमै प्रभावकारी रुपले जनधनको सुरक्षा गर्ने प्रबन्ध गर्नु हो।

२. <u>आपतकालीन सेवा समन्वय समिति तथा व्यवस्थापन गर्न बोर्ड  गठनः</u>
आपतकालीन सेवालाई  व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन नीति निर्धारण, वार्षिक कार्ययोजना, बजेट स्वीकृति, सेवाको मापदण्ड निर्धारण, अनुगमन तथा मूल्याङ्कन, समन्वय, सहकार्य र आवश्यक कार्य गरी यो सम्झौता कार्यान्वयन गर्न "कोशी प्रदेश आपतकालीन सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३" बमोजिम प्रदेश स्तरमा आपतकालीन सेवा समन्वय समिति र स्थानीय स्तरमा (आपतकालीन सेवा सञ्चालन तथा व्यवस्थापन) बोर्ड गठन गरिनेछ।

३. <u>आपतकालीन सेवा केन्द्रको भौतिक संरचना, औजार, उपकरण र सवारी साधनको व्यवस्थाः</u>

(क) ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको सहभागितामा ......... ............ ...... ......... ........... मा स्थापना हुने आपतकालीन सेवा केन्द्रको भौतिक संरचना निर्माणका लागि प्रदेश सरकारको दायित्व ............... प्रतिशत, साझेदार संस्था ................................. को ............ प्रतिशत र बाँकी ............ प्रतिशत आपतकालीन सेवा केन्द्रमा आवद्ध स्थानीय तहको लागत साझेदारीमा निर्माण गरिनेछ।

(ख) आवश्यकता र औचित्यका आधारमा सेवा केन्द्र बाहेक पायक पर्ने स्थानमा उपकेन्द्र स्थापना गर्न सकिनेछ।

(ग) आपतकालीन सेवा केन्द्रमा औजार, उपकरण, सवारी साधन र अन्य सामग्री व्यवस्थापन गर्दा ......... ......... ...... ......... ......... ......... ......... ............ ............ ...... ...... सेवा केन्द्रमा न्यूनतम ............ वटा वारुणयन्त्र, ............ वटा एम्बुलेन्स, ............ वटा

शव वाहन .................... र आवश्यकता अनुसार अन्य आपतकालीन सामग्रीहरु रहने व्यवस्थापन गरिनेछ। यसका लागि आपतकालीन सेवा केन्द्रको भौतिक संरचना निर्माण सम्पन्न भएपछि प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयले साझेदार संस्था .................................................. को साझेदारी समेतमा ....... वटा वारुणयन्त्र, .......... वटा एम्बुलेन्स, .......... वटा शव वाहन, ............ वटा पिक अप गाडी र ............ वटा मोटर साईकल उपलब्ध गराउनेछ, साथै आपतकालीन सेवा केन्द्रमा आवद्ध स्थानीय तहमा विद्यमान रहेका वारुणयन्त्र, एम्बुलेन्स, शव वाहन र अन्य आपतकालीन सामग्रीहरु समेत आपतकालीन सेवा केन्द्र मार्फत् परिचालन गर्नु पर्नेछ।

४. <u>कर्मचारी व्यवस्था र सेवा सर्तः</u>

(क) सेवा केन्द्रमा केन्द्र प्रमुख एक, सवारी चालक तीन र कार्यालय सहयोगी एक गरी पाँच जना कर्मचारी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले खटाउने व्यवस्था गर्नेछ।

(ख) कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ बमोजिम अन्य कर्मचारीहरू सेवा केन्द्रमा आवद्ध स्थानीय तहले कार्यविधिमा तोकिए बमोजिम खटाउनु पर्नेछ।

(ग) आपतकालीन सेवा केन्द्रमा रहने कर्मचारीको सेवाका सर्त र प्रशासनिक नियन्त्रण कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

५. <u>दायित्वको बाँडफाँटः</u>

(क) आपतकालीन सेवा केन्द्रमा प्रदेश सरकारबाट खटिएका कर्मचारीहरुको सम्पूर्ण पारिश्रमिक तथा स्थानीय तहबाट

खटिएका कर्मचारीहरूको पारिश्रमिकको पचास प्रतिशत रकम प्रदेश सरकारले व्यहोर्नेछ र सेवा केन्द्रमा आवद्ध स्थानीय तहबाट खटिएका कर्मचारीहरूको बाँकी पचास प्रतिशत पारिश्रमिक सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्नेछ।

(ख) आपतकालीन सेवा केन्द्रको सञ्चालन खर्चको हकमा प्रदेश सरकारले केन्द्रमा आवद्ध प्रत्येक स्थानीय तहका लागि वार्षिक पच्चिस लाख रुपैयाँका दरले हुने रकम अनुदानको रुपमा आपतकालीन सेवा केन्द्रको कोषमा उपलब्ध गराउनेछ र बाँकी रकम सेवा केन्द्रमा आवद्ध स्थानीय तहले कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ मा उल्लेख भए बमोजिम व्यहोर्नु पर्नेछ।

६. <u>समन्वय र सहकार्य:</u> कोशी प्रदेश आपतकालीन सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ अनुसार सेवा केन्द्रमा आवद्ध स्थानीय तहहरूले सेवा केन्द्रको भौतिक संरचना निर्माण, सञ्चालन र व्यवस्थापनमा आपसी र अन्तर सरकार समन्वय र सहकार्यको भूमिका निर्वाह गर्नु पर्नेछ।

७. <u>विवाद समाधान:</u> विवादको समाधान आपसी सहमतिबाट गरिनेछ।

८. <u>अत्यावश्यक सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था:</u>

(क) आपतकालीन सेवा चौबिसै घण्टा सञ्चालन हुने गरी सञ्चालन गरिनेछ।

(ख) आपतकालीन सेवा सञ्चालन मानक कार्यविधि (SOP) अनुसार गरिनेछ।

(ग) आपतकालीन सेवा केन्द्रको हेल्पलाइन नम्बर तोकिनेछ।

(घ) आपतकालीन सेवा सञ्चालनलाई थप प्रभावकारी बनाउन स्वयंसेवक परिचालन गर्न सकिनेछ।

(ङ) आपतकालीन सेवा केन्द्रलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) बोर्डले कोशी प्रदेश आपतकालीन सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ अनुसार नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ।

<u>स्थानीय तहको तर्फबाटः</u>

(.......................................... )
( .....................................................)
(……………………………………..)
(……………………………………..)

<u>मन्त्रालयको तर्फबाटः</u>

(.......................................)

<u>रोहवरः</u>

१. श्री ………………, …………… आन्तिरिक मामिला तथा कानुन मन्त्रालय
२. श्री…………………., ………….., …………गाउँपालिका/नगरपालिका
३ श्री ………, …………………., ……………गाउँपालिका/नगरपालिका
४. श्री………………., ………. ,……………….गाउँपालिका/नगरपालिका
५. श्री…………………… ,…………….., ………गाउँपालिका/नगरपालिका
६. श्री…………………., ……………..,…………गाउँपालिका/नगरपालिका
७. श्री ………………., ………,…………., ……………(साझेदार संस्था)

ईति सम्वत २०८….. साल……… महिना…….. गते…….बार।

आन्तिरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## (ख) कोशी आपतकालीन सेवा केन्द्र स्थापनाका लागि संरचना निर्माणमा सहलगानी सम्झौता

प्रदेश विपद व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार अन्तर्गत प्रदेश सरकारले कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ स्वीकृत गरी लागु गरेको छ। यस कार्यविधिका आधारमा प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय र .................... जिल्लाका स्थानीय तह ........... ....... ...... ......... ......... ...... ... ... ............ ............ .......... बिच .................... गाउँपालिका/नगरपालिकामा कोशी आपतकालीन सेवा केन्द्र स्थापनाका लागि यो समझदारी कायम गरिएको छ। यसका लागि स्वीकृत भएको विस्तृत परियोजना प्रतिवेदनका आधारमा यो सहलगानी सम्झौता (यस पछि सम्झौता भनिएको) प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय (यसपछि मन्त्रालय भनिएको) र .................... जिल्लाका स्थानीय तह (यस पछि स्थानीय तह भनिएको) बिच निम्न सर्तहरूको पालना गर्ने गरी कोशी आपतकालीन सेवा केन्द्रका लागि संरचना निर्माण गरी सेवा सञ्चालन गर्न यो सहलगानी सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति बुझी लियौं दियौं।

(क) <u>मन्त्रालयले पालना गर्नुपर्ने सर्तहरुः</u>

१. कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ को प्रावधान बमोजिम प्रदेश स्तरमा आपतकालीन सेवा समन्वय समिति र स्थानीय स्तरमा सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) बोर्ड गठन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने।

२. कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ को प्रावधान बमोजिम

स्थानीय तहमा सेवा केन्द्र सञ्चालनका लागि कोष स्थापना गर्न सहजिकरण गर्ने।

३. स्वीकृत विस्तृत परियोजना प्रतिवेदन अनुसार परियोजनाको खुद लागत (भ्याट र कन्टिन्जेन्सी समेत) रु. ............ ............ अक्षरेपी रु. .................................. .................................................. मध्ये .............. प्रतिशतले हुन आउने खुद लागत रकम रु. ............ ......... अक्षरेपी रु. ...................................... ................ मात्र व्यहोर्ने।

४. मन्त्रालयले व्यहोर्नु पर्ने लागत साझेदारीको रकम यो लागत साझेदारी संझौता सम्पन्न भएपछि कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ को दफा ३ को उपदफा (७) बमोजिम खर्च गर्ने गरी वित्तीय हस्तान्तरण मार्फत अनुदानको रुपमा निकासा उपलब्ध गराउने।

५. स्वीकृत विस्तृत परियोजना प्रतिवेदन अनुसार परियोजनाको खुद लागतको ............ प्रतिशतले हुन आउने रकम रु. . ...................... अक्षरेपी रु. ....................... ..................................................साझेदार संस्था ......................................बाट व्यहोर्ने व्यवस्था मिलाउन आवस्यक समन्वय र सहजीकरण गर्ने र सो रकम कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ को दफा ३ को उपदफा (७) बमोजिम खर्च गर्ने गरी उपलब्ध गराउने व्यवस्था मिलाउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

६. आपतकालीन सेवा केन्द्रको संरचना निर्माण कार्यमा आवश्यक्ता अनुसार अनुगमन, मूल्याङ्कन र प्राविधिक सहयोग उपलब्ध गराउने।

७. आपतकालीन सेवा केन्द्रको भौतिक संरचना निर्माण सम्बन्धी कार्यमा साझेदार संस्था ....................................... सँग समन्वय र सहकार्य गर्ने।

८. आपतकालीन सेवा केन्द्र सञ्चालनका लागि कार्यविधि बमोजिम कर्मचारीको पारिश्रमिक तथा सञ्चालन खर्चको रकम कार्यविधि बमोजिम स्थापना हुने कोषमा वित्तीय हस्तान्तरण मार्फत् अनुदान उपलब्ध गराउने।

(ख) <u>स्थानीय तहले पालना गर्नुपर्ने सर्तहरु:</u>

१. कोशी आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ बमोजिम सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) बोर्ड गठन गर्ने।

२. कोशी आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ बमोजिम कोष स्थापना गर्ने।

३. सेवा केन्द्र सञ्चालन कोषमा स्थानीय तहले मन्त्रालय र साझेदार संस्था ..................................... ले व्यहोर्ने बाहेकको .......... प्रतिशत रकम कार्यविधिमा उल्लेख भएको अङ्कभारका आधारमा व्यहोर्ने र सो रकम कोशी आपतकालीन सेवा केन्द्रको कोषमा अनुदानको रुपमा उपलब्ध गराउने।

४. स्थानीय तहले व्यहोर्नु पर्ने लागत साझेदारीको रकम आपसी सहमतिमा किस्ताबन्दीमा उपलब्ध गराउन सक्नेछ।

५. कोशी आपतकालीन सेवा केन्द्र निर्माण हुने स्थानीय तहले जग्गाको स्वामित्व लिने र लागत साझेदारी संझौता भएपछि यथाशिघ्र स्वीकृत विस्तृत परियोजना प्रतिवेदन बमोजिम भौतिक संरचना निर्माण गर्न खरिद प्रकृया सुरु गर्ने। साथै निर्माण कार्यान्वयनको

६. कोशी आपतकालीन सेवा केन्द्रको भौतिक संरचना निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यमा साझेदार संस्था ........................................ सँग समन्वय र सहकार्य गर्ने।

८. कोशी आपतकालीन सेवा केन्द्र सञ्चालनका लागि कार्यविधि बमोजिम कर्मचारीको पारिश्रमिक तथा सञ्चालन खर्चको रकम कार्यविधि बमोजिम स्थापना हुने कोषमा उपलब्ध गराउने।

<u>स्थानीय तहको तर्फबाटः</u> <u>मन्त्रालयको तर्फबाटः</u>

(.............................................) (....................................)

(.................................................)

(.......................................)

(.......................................)

रोहवरः

१. श्री.........., ...... आन्तिरिक मामिला तथा कानुन मन्त्रालय

२. श्री..........., .............., ...........गाउँपालिका/नगरपालिका

३. श्री.............., .............., .........गाउँपालिका/नगरपालिका

४. श्री................., ........., ...........गाउँपालिका/नगरपालिका

५. श्री ..............., ..........., ...........गाउँपालिका/नगरपालिका

६. श्री ........, ..............,..............गाउँपालिका/नगरपालिका

७. श्री ........., .............., ........., .............. (साझेदार संस्था)

ईति सम्वत २०८..... साल .............. महिना ........ गते ..........बार।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-२

**(दफा ५ को उपदफा (१) र (३) सँग सम्बन्धित)**

**सेवा केन्द्रमा रहेको आवश्यक सामग्रीहरु**

(क) सवारी साधन अन्तर्गत वारुणयन्त्र, एम्वुलेन्स र शव वाहन

(ख) अन्य सवारी साधन अन्तर्गत पिक अप गाडी, स्क्याभेटर, डोजर, मोटरसाइकल र साइकल

(ग) सामान अन्तर्गत स्ट्रेचर ,ट्यूब, त्रिपाल, म्याट, बाल्टिन, बेल्चा, डोरी

(घ) अन्य आवश्यक सामग्रीहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-३
(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### सेवा केन्द्रमा रहने नगर प्रहरी र अन्य कर्मचारीहरु

| सि. न. | पद नाम | प्रदेश सरकारको तर्फबाट | सेवा केन्द्र रहेको गाउँपालिका/नगरपालिका तर्फबाट | अन्य गाउँपालिका / नगरपालिका को तर्फबाट |
|---|---|---|---|---|
| १ | केन्द्र प्रमुख | १ | ० | ० |
| २ | नगरप्रहरी नायब निरीक्षक/सहायक निरीक्षक (पाँचौ तह) | ० | १ | ० |
| ३ | नगर प्रहरी जवान (प्रथम तह) | ० | ३ | ३ |
| ४ | सवारी चालक (प्रथम तह) | ३ | २ | २ |
| ५ | कार्यालय सहयोगी | १ | ० | ० |
| | कुल | ५ | ६ | ५ |

## अनुसूची-४

(दफा १२ को उपदफा (१) सँग सम्वन्धित)

**सेवा केन्द्रका कर्मचारीले पाउने रासन तथा पोसाक**

(क) रासन ( दैनिक)

| | |
|---|---|
| १. चामल | ६८१ ग्राम |
| २. दाल | ५६.२ ग्राम |
| ३. नुन | २८.४ ग्राम |
| ४. तोरीको तेल | १४.२ ग्राम |
| ५. हरियो तरकारी | १७५ ग्राम |
| ६. आलु | ११५ ग्राम |
| ७. दुध (कन्डेन्स मिल्क) | १४ ग्राम |
| ८. चियापत्ति | २ ग्राम |
| ९. चिनी | २८.४ ग्राम |
| १०. घिउ | २८.४ ग्राम |
| ११. मसला | १५ ग्राम |
| १२. खसीको मासु | २५ ग्राम |

(ख) पोसाक (वार्षिक)

१ नं. पोसाक

| | |
|---|---|
| (क) पेन्ट | २ थान |
| (ख) सर्ट | २ थान (हाफ १ फुल १) |
| (ग) जुत्ता | १ जोर |
| (घ) मोजा | २ जोर |
| (ङ) छालाको पेटी | १ थान |
| (च) भादगाउँले टोपी | १ थान |

आन्तरिक मामिला तथा कानून मन्त्रालय लुम्बिनी प्रदेश

**२ नं पोसाक**

| | | |
|---|---|---|
| (क) | चुस्ता | २ जोर |
| (ख) | बुट | १ जोर (२ वर्षमा एक पटक) |
| (ग) | मोजा | २ जोर |
| (घ) | फुल स्वीटर | १ थान |
| (ङ) | ज्याकेट | १ थान (२ वर्षमा एक पटक) |
| (च) | छालाको पेटी | १ थान |
| (छ) | क्याप | १ थान |

**अन्य**

| | | |
|---|---|---|
| (क) | दर्ज्यानी चिन्ह, व्याच | (आवश्यकता अनुसार) |
| (ख) | खुकुरी | १ थान |
| (ग) | लाठी | १ थान |

**द्रस्टव्य:** पोसाकको रङ्ग बोर्डले तोके अनुसार हुनेछ ।

स्वीकृत मितिः- २०८३/०२/२६

आज्ञाले,
कृष्ण प्रसाद सापकोटा
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश



कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
**Website: moial.koshi.gov.np**